# प्रेस विज्ञप्ती

**आस्था बाल गृह** असहाय एवं वेघरवार बालबालिकाहरूको सम्पूर्ण जीवन दिने उद्देश्यले स्थापित उनीहरूको आफ्नै सानो घर हो। नितान्त व्यक्तिगत प्रयासले स्थापित भावनाले बनेको यो घर अहिले जनआन्दोलनका क्रममा घाइते भएका, शहादत प्राप्त गरेका र जनयुद्धको क्रममा मारिएका नागरिकहरूका ६० जना बालबालिकाहरूको सुरक्षित छानो बनेको छ। यस घरमा रहेका बालबालिकाहरूलाई संस्थाको आफ्नै विद्यालय नभएतापनि नजिकैको मार्वलस इङ्लीस बोर्डिङ्ग स्कूलमा समाजका अरू बालबालिका सरह शिक्षादीक्षा लिइरहेका छन्। यस बाहेक, इटहरा मोरङका निम्न आय भएका, पिछडिएका वर्ग तथा दैनिक ज्यालादारी गरि खाने मजदुरका १८० बालबालिकाहरूलाई इटहराका करिब ६ वटा स्कूलमा भर्ना गरी स्कूल ड्रेस, मासिक शुल्क, तथा आवश्यक पाठ्यसामाग्रीको व्यवस्था आस्था बाल गृहले उपलब्ध गराउँदै आएको छ।

संक्रमणमा गुज्रिरहेको मुलुकको सिंगो राज्यव्यवस्था ठूल-ठूला समस्याहरूमा अल्झिरहेको बेला यी ६० जना असहाय बालबालिकालाई उज्यालो भविष्य दिने हाम्रो प्रयासबाट अन्ततः समाज र राष्ट्र पनि लाभान्वित हुने हाम्रो विश्वास रहेको छ। हाम्रो यो सत्प्रयासमा सबैको साथ, सद्भाव र सहयोग प्राप्त हुँदै आएको छ, त्यही नै हाम्रो निरन्तरताको महत्वपूर्ण पक्ष पनि हो। यस अभियानलाई अरू अर्थपूर्ण बनाएर अगाडि बढाउन समाजलाई सुसूचित गर्ने आमसञ्चारकर्मी र त्यसमा संलग्न शालिन शिल्पीहरूको अहम् भूमिका हुन्छ भन्ने हामीलाई लागेको छ।

आस्था बाल गृहमा रहेका बालबालिकाहरूको पीडामा मल्हम लगाउन यसपटक लोकप्रिय गायक रामकृष्ण ढकाल र उनकी जापानी प्रशंसक श्रीमती तासाई नाकाने आइपुग्नुभयो। उहाँहरूको सांगीतक साइनोको कथा जत्ति अनौठो छ, उहाँहरू यस बाल गृहसँग जोडिन आइपुग्नुभएको सन्दर्भ पनि कम रोचक छैन। आफ्नो सम्पूर्ण सुख सयल छोडेर यस बाल गृहका बालबालिकाको स्याहारसुसार गर्न एक स्वयंसेवकका रुपमा बाल गृहमै रहनुभएर ६२ वर्षीय जापानी आमाले एउटा अनुपम उदाहरण प्रस्तुत गर्नुभयो। हामी उहाँको यस सत्कर्मको प्रशंसा गर्न चाहन्छौं।

उहाँले फर्कनेबेलामा गायक रामकृष्ण ढकालको पछिल्लो सीडी 'आगमन' जापानमा बेचेर प्राप्त रोयल्टी दस्तुरको रकमले यी बालबालिकाहरूलाई न्यानो बाड्ने ईच्छा व्यक्त गर्नुभयो। त्यसमा गायक ढकालले सहमति जनाउनुभयो। हामी उहाँहरूको यस निर्णयको हार्दिक प्रशंसा गर्छौं।

हामीलाई लाग्यो, मुलुकमा लोकतन्त्र बहालीको आन्दोलनसँग कुनै न कुनै रुपमा जोडिएर जीवन शहादत प्राप्त गरेका एवं घाइते भएका नागरिकहरूका यी अभागी सन्तानहरूको न्यानो बाँड्ने यी असल मान्छेहरूको लागि एउटा कार्यक्रम बन्यो भने त्यसबाट यस्तो काम गर्नेहरूको प्रशंसा हुने, समाजमा अरूलाई पनि यस्तो कार्य गर्न प्रेरणा मिल्ने र सबैभन्दा महत्वपूर्ण कुरा यी बालबालिकाहरूलाई असहाय अनुभूति नहुने खालको भावनात्मक उपलब्धि हुन सक्छ। र, अझ महत्वपूर्ण कुरा, नेपाली समाजले एउटा सिर्जनात्मक र सकरात्मक समाचार पढ्न, सुन्न र देख्न पाउँछ।

हामीलाई विश्वास छ, असहाय बालबालिकाहरू जीवनसँग जोडिएको हाम्रो यो सत्प्रयास, गायक रामकृष्ण ढकाल र जापानी आमा तासाई नाकानेको मानवीय भावना र नेपाली आमसञ्चारकर्मीको समाजलाई सकारात्मक सन्देश दिने चाहनाका बीचमा कुनै सहकार्य हुनसक्छ। हामी सबै मिलेर यी असहाय बालबालिकाहरूको जीवनमा उज्यालो भरौं।

**विमल कुमार गुरागाईं**
अध्यक्ष
१२ कार्तिक, २०६३